# स्वरोजगार सन्देश


वर्ष २ । २०८३ बैशाख । अङ्क ५

उद्यमी बन्ने ईच्छाको उपाय


## होटल व्यवसायले बदलिएको

# “हमारदिगो” अर्थात्

# “हाम्रो दिगो !”



स्वरोजगार सन्देशको लागि....

संरक्षक
**माननीय सस्मित पोखरेल**
मन्त्री- शिक्षा, विज्ञान तथा प्रविधि एवम् युवा तथा खेलकुद

सल्लाहकार
**अनिल राज पौडेल**
कार्यकारी उपाध्यक्ष

प्रधान सम्पादक
**सुदीप सिल्वाल**
शाखा प्रमुख, प्रशासन तथा सूचना प्रविधि

कार्यकारी सम्पादक
**धीरज अधिकारी**
सूचना सहायक

प्रकाशक
**युवा तथा साना व्यवसायी स्वरोजगार कोष**
कोपुण्डोल, ललितपुर ।
फोन ०१ ४१०२७८२/८८
ईमेल: info@ysef.gov.np
www.ysef.gov.np

## सफलताको कथा

# होटल व्यवसायले बदलिएको “हमार दिगो” अर्थात् “हाम्रो दिगो !”

हमार दिगो गाउँपर्यटन सहकारीसंस्था लि.अन्तर्गत आबद्ध सदस्यहरूले ग्रामीण पर्यटन र साना उद्यममार्फत् स्थानीय अर्थतन्त्रमा उल्लेखनीय परिवर्तन ल्याईरहेका छन् । विशेषगरी होटल तथा खानपान व्यवसायमा संलग्न सदस्यहरूले सीमित स्रोत, आर्थिक अभाव र ग्रामीण चुनौती बीच पनि मेहनत, आत्मविश्वास र युवा स्वरोजगार कार्यक्रम अन्तर्गत सहकारीको सहयोगबाट उदाहरणीय सफलता हासिल गरेका छन् । डेगनारायण महतो, मीनबहादुर महतो र याममाया वोटेजस्ता सदस्यहरूको सङ्घर्ष र सफलताको कथा अहिले अमलटारी क्षेत्रमा प्रेरणाको स्रोत बन्नपुगेको छ ।

**युवा स्वरोजगार कार्यक्रमको प्रभाव**

## पर्यटनसँग जोडिएको गाउँको सम्भावना

नयाँसंविधान जारीसँगै नवलपरासी जिल्लाको पूर्ववतक्षेत्रलाई नवलपुर बनाईयो । नवलपुरको सदरमुकाम कावासोती नगरपालिकाबाट करीब १९ किलोमीटर दक्षिणमा अवस्थित थारू समुदायको बाहुल्य रहेको अमलटारीक्षेत्र प्राकृतिक

सौन्दर्य, थारू संस्कृति, सामुदायिक वन, होमस्टे र नारायणी नदीको कारण पर्यटनका दृष्टिले महत्वपूर्ण बन्न गएको छ । चितवन राष्ट्रिय निकुञ्जनजिकै रहेको यो क्षेत्र पछिल्लावर्षहरूमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणकेन्द्र बन्न थालेको थियो । तर स्थानीय बासिन्दामा पर्यटनलाई आय-आर्जनसँग जोड्ने पर्याप्त सीप, पुँजी र अवसर भने सीमित थियो ।

यही परिस्थितिमा हमारदिगो गाउँपर्यटन सहकारीसंस्था लि.ले स्थानीय युवाहरू र विपन्नपरिवारलाई स्वरोजगारतर्फ उन्मुख गराउने उद्देश्यले युवा स्वरोजगार कोषसँग सहकार्य गरी सहुलियतपूर्ण ऋण लगानी कार्यक्रम शुरू गर्‍यो । विशेषगरी महिलाहरू, जनजाति समुदाय र ग्रामीण बेरोजगारलाई प्राथमिकतामा राखेर सञ्चालन गरिएको कार्यक्रमले धेरै परिवारको जीवनमा परिवर्तन महशुस हुनथालेको छ ।

## विदेशबाट विदामा आएको थिएँ, यहीँ पैसा पाएपछि अवकाश लिएँ- डेगनारायण महतो

## हमार दिगो गाउँपर्यटन सहकारीसंस्था लि.

नवलपुरको कावासोती वडा नम्बर १५ मा अवस्थित हमारदिगो गाउँपर्यटन सहकारीसंस्था २०७१ साल आषाढ ११ गते सहकारी डिभिजन कार्यालय नवलपरासीमा दर्ता भई सञ्चालन हुँदै आएको छ । संस्थाले यस क्षेत्रको आर्थिक सामाजिक उन्नति वन र वन्यजन्तुको साथै (जैविक विविधताको संरक्षण र गाउँको समग्र दिगो विकासमा समावेश हुने हेतुले समावेशी ढङ्गबाट स्थानीय समुदायहरू थारु, बोटे, माझी, मुसहर आदिलाई समेटेर साझेदारी उद्यमीमा तल्लीन छ ।

संस्थामा ४२ जना संस्थापक शेयरसदस्य रहेकोमा हाल २ शय ९२ महिला र २ शय ४४ पुरुष गरी कूल ५ शय ४२ जना शेयरसदस्य रहेका छन् । त्यस्तै ६ वटा संस्थापक शेयर रहेको छ । ४२ जनाबाट जनही रू. ५ हजारका दर जम्मा २ लाख १० हजारबाट शुरू भएको संस्थामा हाल शेयरपुँजी २७ लाख ३३ हजार रहेको छ ।

संस्थाको जगेडापुँजी नै १ करोड १६ लाख ८ हजार ७ शय ६१ रूपैयाँ रहेको छ । त्यस्तै सदस्यहरूलाई सहयोग पुर्याउने उद्देश्यले रू. ७६ लाख ९६ हजार ७ शय ४३ घुम्तीकोषको स्थापना गरेको छ । संस्थाले हाल सदस्यहरूबाट बचत तथा ऋण नीतिअनरूप फजुलखर्चलाई कटौती गर्दै मासिक, दैनिक, ऐच्छिक, बाल र होमस्टे बचतसमेत सञ्चालन गरेको छ । हाल मासिकलाई ८. बाललाई १० र दैनिक एवम् ऐच्छिक बचतलाई ६ प्रतिशतका दरले ब्याज प्रदान गर्दैआएको छ । सङ्कलितबचतलाई सदस्यहरूमा आय-आजनमूलक तथा दिगो जीविकोपार्जनका लागि कृषि, पर्यटन, व्यपार-व्यवसाय र सीपमूलकक्षेत्रमा लगानी गर्दै आएको छ । हाल बिनाधितो सदस्यको व्यवसायिक योजना हेरी १ लाख ५० हजारदेखि २ लाखसम्म ऋण प्रवाह गर्दै आएको छ । यसक्षेत्रकै आर्थिक तथा पर्यटकीयविकासको मुख्य मेरुदण्डको रूपमा रहेको हमारदिगो गाउँपर्यटन सहकारीसंस्था लि.मा आ. व. २०८०/८१ मा पूर्णरूपमा २ शय १२ घरधनीलाई समेटिएको छ । जसमा थारू, वोटे र मुसहरका समुदाय छन् ।

सामाजिक गतिविधिसँगै वन र वन्यजन्तुको संरक्षण गर्ने कार्यमा अग्रसर हुँदै आएको यस संस्थाले आफ्ना सदस्यहरूको लागि युवा स्वरोजगार कार्यक्रममार्फत् एकघर- एकरोजगारीको योजनाअघि सारेको छ । हाल संस्थामा अध्यक्षको रूपमा नरबहादुर महतो र व्यवस्थापकको रूपमा धनमाया महतो हुनुहुन्छ ।




डेगनारायण महतो सामान्य कृषक परिवारमा जन्मिएका व्यक्ति हुन् । उनको परिवारको मुख्य आम्दानी खेतीपाती र ज्यालामजदुरीमा निर्भर थियो । वर्षभरि मेहनत गर्दा पनि परिवारको खर्च धान्न मुस्किल पर्थ्यो । गाउँमा जीविकोपार्जन गर्ने भरपर्दो उपाय नदेखेपछि उनी वैदेशिक रोजगारीको लागि ८ वर्ष विभिन्न खाडी मुलुकहरू चहारे ।

एकपटक विदाको बेला गाउँमा आउँदा हमारदिगो गाउँपर्यटन सहकारीसंस्थाले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने भनी सम्झौता गरिसकेको र निकटदिनमा सस्तोदरमा ऋण पाउने कुरा सुने । त्यसपछि उनले विदा केही समयको लागि भनेर विदेशबाट घर फर्किंदा लिएको विदालाई अवकाशमा परिणत गरे । अर्थात् उनले विदेश पुनः नफर्किने र गाउँमै स्वरोजगार बन्ने निधो गरे । खाडीको चर्को गर्मीमा बगाएको पसिना अब गाउँमै बगाउने अठोटका साथ उनले स्वरोगार कार्यक्रमअन्तर्गत हमारदिगो गाउँपर्यटन सहकारीसंस्थाबाट २ लाख रूपैयाँ ऋण लिई होमस्टे शुरुवात गर्ने निधो गरे । तर सहकारीसंस्थामा पैसा निकासा हुन बाँकी नै थियो ।

विस्तारै गाउँमा पर्यटक आउन थालेपछि उनले सानो चिया–नास्तापसल तत्कालै सञ्चालन गर्ने सोच बनाए । तर पर्याप्त पुँजीको अभावका कारण योजना कार्यान्वयन हुन सकेको थिएन ।

दुई महिनापछि भने सहकारीसंस्थाबाट उनले दुई लाख रूपैयाँ ऋण पाए । उक्त रकमबाट उनले गाउँमै सानो होटल तथा खाजा घर शुरू गरे । शुरूमा स्थानीय परिकार- ढिँडो, माछा, घोंगी, थारूखाना र घरेलुखाजा तयार गरेर पर्यटकलाई सेवा दिन थाले । उनको व्यवहार, सफाइ र स्थानीयस्वादका कारण होटल छोटो समयमै चर्चित बन्यो ।

डेगनारायण भन्छन्, “पहिले दैनिक खर्च चलाउन पनि समस्या थियो । अहिले आफ्नै व्यवसाय छ । घरखर्च चलाउन सजिलो भएको छ, छोराछोरीलाई बोर्डिङस्कूलमा पढाउन सकेको छु ।”



अहिले उनको होटलमा परिवारका सदस्यसहित थप एक जनाले रोजगारी पाएका छन् । गाउँमा आउने पर्यटकका लागि उनको होटल भरपर्दो गन्तव्य बनेको छ । उनले स्थानीय किसानबाट तरकारी, दूध, माछा र अन्य खाद्य सामग्री खरिद गर्ने भएकाले गाउँको अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव परेको छ ।

उनले ४ वटा कोठाको सुत्ने कोठा पनि बनाएका छन् । जहाँ वातानुकूलित व्यवस्थाले पर्यटकलाई आकर्षण गरेको छ ।

## मीनबहादुर महतोको उद्यमशीलयात्रा

मीनबहादुर महतो पनि आर्थिक अभावसँग जुधिरहेका व्यक्ति थिए । वैदेशिक रोजगारी जाने सोच बनाएका उनले अन्ततः आफ्नै गाउँमा केही गर्ने निर्णय गरे । सहकारीबाट प्राप्त ऋण सहयोगपछि उनले सानो होटल व्यवसाय शुरू गरे ।

उनले होटललाई केवल खानपान केन्द्रमात्र नभई पर्यटकलाई स्थानीय संस्कृति चिनाउने थलोको रूपमा विकास गरे । होटलमा थारूसंस्कृतिसँग सम्बन्धित सजावट, स्थानीय परिकार र ग्रामीण आतिथ्यलाई प्राथमिकता दिए । यसले गर्दा पर्यटकहरू आकर्षित हुन थाले ।

शुरूवाती दिनमा ग्राहक कम थिए । कतिपय दिन होटलमा खर्च उठाउन पनि गाह्रोपर्थ्यो । तर उनले धैर्य छोडेनन् । सामाजिकसञ्जालमार्फत प्रचारप्रसार गर्न थाले, स्थानीय पर्यटन समूहसँग सहकार्य गरे र सेवा गुणस्तर सुधार गर्दै लगे ।

आज मीनबहादुरको होटलले राम्रो आम्दानी गरिरहेको छ । उनले व्यवसायबाट कमाएको रकमले घर मर्मत गरेका छन्, बालबच्चाको शिक्षामा लगानी गरेका छन् र भविष्यमा एकैपटक ५० जनासम्मलाई राख्नसक्ने होमस्टे सञ्चालन गर्ने योजना बनाईरहेका छन् ।



उनका अनुसार, “सहकारीले ऋणमात्र दिएन, आत्मविश्वास पनि दियो । यदि त्यो सहयोग नपाएको भए म अहिले वैदेशिक रोजगारीमा हुन्थेँ होला ।”

## याममाया वोटको आत्मनिर्भरता

याममाया वोटेको कथा ग्रामीण महिलाको सङ्घर्ष र आत्मनिर्भरताको प्रेरणादायी उदाहरण हो । आर्थिक अवस्था कमजोर भएकाले परिवार चलाउन निकै कठिन थियो । महिलाले व्यवसाय गर्न सक्दैनन् भन्ने सामाजिकसोंच पनि गाउँमा विद्यमान थियो ।




तर याममायाले हार मानिनन् । सहकारीसंस्थाबाट ऋण पाएपछि उनले घरनजिकै सानो होटल सञ्चालन शुरू गरिन् । शुरूमा चिया, नास्ता र स्थानीयखाना बेच्ने कामबाट व्यवसायअघि बढ्यो । उनले विशेषगरी महिलामैत्री वातावरण, सफा खाना र घरेलुस्वादलाई प्राथमिकता दिइन् ।

बिस्तारै उनको होटल स्थानीय तथा पर्यटक दुबैका लागि लोकप्रिय बन्न थाल्यो । अहिले उनी आत्मनिर्भरमात्र नभई गाउँका अन्य महिलालाई पनि उद्यम गर्न प्रेरित गरिरहेकी छन् ।

याममाया भन्छिन्, “पहिले अरूसँग पैसा माग्नुपर्थ्यो । अहिले आफ्नै कमाइ छ । समाजमा सम्मान बढेको छ ।”

उनको सफलताले गाउँका अन्य महिलामा पनि आत्मविश्वास बढाएको छ । अहिले धैरै महिलाहरू सहकारीमार्फत् सानाव्यवसाय शुरू गर्न उत्साहित भएका छन् ।

## सहकारीको भूमिकाले ल्याएको परिवर्तन

हमारदिगो गाउँपर्यटन सहकारीसंस्था लिमिटेडले केवल ऋण प्रवाह गर्ने काममात्र गरेन । संस्थाले सदस्यहरूलाई व्यवसाय सञ्चालन, बचत, वित्तीय अनुशासन र पर्यटनसम्बन्धी चेतना विकासमा समेत सहयोग गर्‍यो ।

सहकारीका पदाधिकारीहरूले सदस्यहरूलाई नियमित रूपमा भेटघाट, अनुगमन र परामर्श प्रदान गर्दै आएका छन् । ऋणको सदुपयोग भएको छ वा छैन भन्ने निगरानीले व्यवसायलाई दिगो बनाउन सहयोग पुगेको छ ।

## संस्थाको प्रयासका कारण:

- गाउँमा स्वरोजगार बढेको छ,
- वैदेशिक रोजगारीप्रतिको निर्भरता घटेको छ,
- महिलाको आर्थिक सहभागिता बढेको छ,
- स्थानीय उत्पादनको बजार विस्तार भएको छ,
- पर्यटनसँग सम्बन्धित आर्थिक गतिविधि वृद्धि भएको छ ।

## ग्रामीण पर्यटनमा स्थानीय होटलको योगदान

अमलटारीक्षेत्रमा सञ्चालन भएका यस्ता सानाहोटलहरूले ग्रामीण पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेका छन् । पर्यटकहरूले स्थानीय खाना, संस्कृति र गाउँको जीवनशैली अनुभव गर्न पाउने भएकाले उनीहरूको बसाइ लम्बिन थालेको छ ।



यसले स्थानीय यातायात, कृषि, माछापालन, हस्तकला र अन्य साना व्यवसायलाई समेत फाइदा पुगेको छ । होटल व्यवसायीहरूले स्थानीय स्तरमै खाद्यान्न खरिद गर्ने भएकाले गाउँको आर्थिकचक्र बलियो बन्दै गएको छ ।

विशेषगरी थारूसमुदायको परम्परागत खानाले पर्यटक आकर्षित गरिरहेको छ । स्थानीय परिकारलाई व्यवसायसँग जोडेर सांस्कृतिक पहिचान संरक्षणमा समेत योगदान पुगेको छ ।

## चुनौतीहरू पनि कम छैनन्

यद्यपि सफलता हासिल भएपनि होटल व्यवसायीहरूले विभिन्न चुनौती सामना गरिरहेका छन् । सडक पूर्वाधार, नियमित पर्यटक आगमन, व्यवसायिक तालिमको अभाव र बजार व्यवस्थापन अझै चुनौतीका रूपमा रहेका छन् ।

पर्यटन मौसममा व्यवसाय राम्रो हुने भएपनि अन्य समयमा आम्दानी घट्ने समस्या छ । कतिपय अवस्थामा प्राकृतिक विपद्, आर्थिकमन्दी वा महामारीजस्ता कारणले व्यवसाय प्रभावित हुने गरेको छ ।

तर सहकारी र स्थानीय समुदायको सहयोगले उनीहरूले चुनौती सामना गर्दै अघि बढिरहेका छन् ।

## भविष्यप्रतिको आशा

डेगनारायण महतो, मीनबहादुर महतो र याममाया वोटेजस्ता उद्यमीहरूको सपना अब अझ ठूलो भएको छ । उनीहरू होटललाई आधुनिक बनाउने, होमस्टे विस्तार गर्ने र

पर्यटकलाई गुणस्तरीयसेवा दिने योजनामा छन् ।

स्थानीय सरकार, सहकारीसंस्था र पर्यटनसँग सम्बन्धित निकायबाट थप सहयोगप्राप्त भए अमलटारीक्षेत्र ग्रामीण पर्यटनको उत्कृष्ट गन्तव्य बन्नसक्ने विश्वास उनीहरूको छ ।

## "दोस्रो सौरहा"को बाटोमा....




हमारदिगो गाउँपर्यटन सहकारीसंस्था लिमिटेडअन्तर्गतका होटल व्यवसायीहरूको सफलता केवल व्यक्तिगत उपलब्धिमात्र होईन, ग्रामीण अर्थतन्त्र परिवर्तनको उदाहरण पनि हो । सीमितस्रोत र कठिन परिस्थितिबीच पनि मेहनत, सहकार्य र आत्मविश्वासले सफलता हासिल गर्न सकिन्छ भन्ने सन्देश उनीहरूले दिएका छन् ।

अमलटारीमा फष्टाउँदो पर्यटनले यसलाई दोस्रोसौरहाको विम्व बोकेको छ । सौरहाको विकल्पमा विकसित हुँदै गएको अमलटारीक्षेत्र जङ्गलसफारी तथा होटल एवम् थारू संस्कृतिले दोस्रोसौरहाको उपनाम पाउनथालेको छ ।

डेगनारायण महतो, मीनबहादुर महतो र याममाया वोटेको कथा आज ग्रामीण उद्यमशीलता, महिला सशक्तीकरण र सहकारी अभियानको प्रेरणादायी नमूना बनेको छ । उनीहरूको यात्राले देखाएको छ- यदि सही अवसर, सहकार्य र लगनशीलता मिले ग्रामीण गाउँहरू पनि आर्थिक समृद्धिको केन्द्र बन्न सक्छन् ।

## युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानीबाट बदलिएको जीवन

नेपालमा बेरोजगारी, गरीबी र वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण लामो समयदेखि चुनौतीका रूपमा रहँदै आएको छ । विशेषगरी ग्रामीणक्षेत्रमा बसोबास गर्ने युवाहरू, महिलाहरू तथा विपन्नसमुदायका मानिसहरूलाई आर्थिक अवसरको अभावले आफ्नो गाउँघर छाड्न बाध्य बनाईरहेको थियो । यस्ता समस्यालाई समाधान गर्दै युवालाई स्वदेशमै स्वरोजगारतर्फ आकर्षित गर्ने उद्देश्यले नेपाल सरकारले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । त्यसमध्ये युवा तथा साना व्यवसायी स्वरोजगार कोष




महत्वपूर्ण कार्यक्रमका रूपमा स्थापित भएको छ ।

यस कोषमार्फत् सहकारीसंस्था तथा समूहहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराइँदै आएको छ, जसले ग्रामीणक्षेत्रमा सानाव्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिहरूलाई ठूलोराहत दिएको छ । विशेषगरी कृषि, पशुपालन, होटल व्यवसाय, सानाउद्योग, सेवाक्षेत्र तथा घरेलु उद्यममा लगानी भएर हजारौँ मानिसको जीवनमा सकारात्मक परिवर्तन आएको छ ।

नवलपुरको कावासोती नगरपालिका- १५ अमलटारीमा रहेको हमारदिगो गाउँपर्यटन सहकारीसंस्था लि.मार्फत् सञ्चालन गरिएको स्वरोजगारकार्यक्रम यसको एक सफल उदाहरण हो । यहाँका धेरै स्थानीयबासिन्दाले कोषबाट प्राप्त लगानीलाई व्यवसायमा प्रयोग गरी आत्मनिर्भर जीवनतर्फ यात्रा गरेका छन् ।

## बेरोजगारीबाट आत्मनिर्भरतासम्म

अमलटारीक्षेत्रका धेरै परिवार परम्परागत खेतीपाती र ज्यालामजदुरीमा निर्भर थिए । दैनिक कमाइले परिवार धान्न कठिन हुने अवस्था थियो । युवाहरू रोजगारीको खोजीमा शहर वा विदेश जान बाध्य हुन्थे । महिलाहरू घरधन्दामै सीमित थिए । आर्थिक अभावका कारण बालबालिकाको शिक्षा, स्वास्थ्य र जीवनस्तरमा समेत असर परेको थियो ।

यही अवस्थामा सहकारीमार्फत् युवा तथा साना व्यवसायी स्वरोजगार कोषको ऋण सुविधा गाउँमा पुगेपछि धेरै मानिसले आफ्नै गाउँमा व्यवसाय शुरू गर्ने अवसर पाए । कसैले होटल व्यवसाय थाले, कसैले भैंसीपालन, कसैले मासुपसल त कसैले सानो सेवा व्यवसाय सञ्चालन गरे ।

यस कार्यक्रमले "रोजगारी खोज्ने" मानिसलाई "रोजगारी सिर्जना गर्ने" व्यक्तिमा रूपान्तरण गरिदियो ।

## सानो लगानीले ठूलो परिवर्तन

कोषबाट प्राप्त दुई लाख रूपैयाँ जति ऋण रकम कतिपयका लागि सामान्य लाग्न सक्छ, तर ग्रामीणक्षेत्रमा यही रकमले धेरै परिवारको जीवन बदलिएको छ ।

पहिले दैनिकखर्च धान्न समस्या भोगिरहेका परिवार अहिले नियमित आम्दानी गर्न सक्षम भएका छन् । व्यवसायबाट आएको आम्दानीले घरखर्च, शिक्षा, स्वास्थ्य, बचत र सामाजिकप्रतिष्ठामा समेत सुधार ल्याएको छ ।

### अहिले धेरै व्यवसायीहरूले:

- **आफ्ना छोराछोरीलाई राम्रो विद्यालयमा पढाउन सकेका छन्,**
- **घर मर्मत तथा विस्तार गरेका छन्,**
- **कृषि तथा पशुपालनमा थप लगानी गरेका छन्,**
- **बचत गर्ने बानी विकास गरेका छन्,**
- **र भविष्यका लागि योजना बनाउन थालेका छन् ।**

## होटल व्यवसायले दिएको नयाँ अवसर

अमलटारीक्षेत्र पर्यटनका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छ । चितवन राष्ट्रिय निकुञ्जनजिक रहेको यो क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गएको छ । यही सम्भावनालाई मध्यनजर गर्दै कतिपय युवाले होटल तथा खानपान व्यवसाय शुरू गरेका छन् ।

स्थानीय परिकार, ग्रामीण वातावरण र आत्मीय आतिथ्यका कारण उनीहरूको व्यवसाय विस्तार हुन थाल्यो । पहिले बेरोजगार रहेका युवाहरू अहिले सफल उद्यमी बनेका छन् ।

होटल व्यवसायले केवल व्यवसायीलाई मात्र होइन, स्थानीय किसानलाई पनि फाइदा पुऱ्याएको छ । होटलहरूले गाउँकै तरकारी, दूध, माछा, कुखुरा तथा अन्य खाद्य सामग्री खरिद गर्ने भएकाले स्थानीय उत्पादनले बजार पाएको छ ।

यसरी एउटा सानो होटलले गाउँको अर्थतन्त्रलाई समेत चलायमान बनाएको छ ।

## महिलामा आएको आत्मविश्वास

स्वरोजगार कार्यक्रमको अर्को महत्वपूर्ण उपलब्धि भनेको महिलामा आएको आत्मविश्वास हो । ग्रामीणक्षेत्रमा महिलाहरू प्रायः आर्थिक निर्णय प्रक्रियाबाट टाढा रहने गर्थे । तर सहकारीमार्फत् ऋण पाएपछि धेरै महिलाले आफ्नै व्यवसाय शुरू गरेका छन् ।

भैंसीपालन, चिया–नास्ता पसल, होटल, किराना पसलजस्ता व्यवसायमा महिलाको सक्रिय सहभागिता बढेको छ । अहिले उनीहरू आफ्नै कमाइ गर्न सक्षम भएका छन् ।

आर्थिक रूपमा आत्मनिर्भर भएपछि महिलाको पारिवारिक तथा सामाजिकसम्मान पनि बढेको छ । उनीहरू अब केवल घरधन्दा गर्ने व्यक्ति नभई परिवारको आर्थिकआधार बनेका छन् ।

कतिपय महिलाले त अन्य महिलालाई पनि व्यवसाय गर्न प्रेरित गरिरहेका छन् । यसले ग्रामीण समाजमा सकारात्मक सामाजिक परिवर्तन ल्याएको छ ।

## वैदेशिक रोजगारीको विकल्प

नेपालका धेरै युवाहरू बेरोजगारीका कारण विदेश जान बाध्य छन् । तर स्वरोजगार कार्यक्रमले गाउँमै आयआर्जनको अवसर सिर्जना गरेपछि केही युवाले विदेश जाने योजना त्यागेका छन् ।

आफ्नै गाउँमा परिवारसँग बसेर सम्मानजनक आम्दानी गर्न सकिने सम्भावना देखिएपछि उनीहरू उद्यमशीलतातर्फ आकर्षित भएका छन् ।

यसले:

- परिवार विखण्डन कम गरेको छ,
- गाउँमा युवाको उपस्थिति बढाएको छ,
- स्थानीयअर्थतन्त्रलाई बलियो बनाउन मद्दत गरेको छ ।

## सहकारीको भूमिका

स्वरोजगार कार्यक्रम सफल हुनुमा सहकारीसंस्थाको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ । सहकारीले सदस्य छनोट, ऋण प्रवाह, अनुगमन र परामर्शमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेको छ ।

**सहकारीसंस्थामार्फत् सञ्चालन हुँदा:**

- ऋण सही व्यक्तिसम्म पुगेको छ,
- रकमको दुरूपयोग कम भएको छ,
- सदस्यहरूमा बचत तथा वित्तीयअनुशासन बढेको छ,
- व्यवसायलाई दिगो बनाउने वातावरण तयार भएको छ ।

नियमित बैठक, अनुभव आदानप्रदान र समूहगत सहकार्यले सदस्यहरूबीच आत्मीयता तथा जिम्मेवारीबोध पनि बढाएको छ ।




## ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव

स्वरोजगार कार्यक्रमले व्यक्तिगत जीवनमात्र होईन, समग्र गाउँको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पारेको छ ।

पहिले निष्क्रिय रहेको पुँजी अहिले उत्पादनशीलक्षेत्रमा लगानी भएको छ । स्थानीय

उत्पादन र सेवाको माग बढेको छ । गाउँमै रोजगारी सिर्जना भएको छ ।

यसले स्थानीय बजार चलायमान बनाएको, कृषि तथा पशुपालनलाई प्रोत्साहन गरेको, सानाउद्योगलाई टेवा दिएको र ग्रामीण पर्यटन विकासमा योगदान पुऱ्याएको छ ।

साथै गाउँमा "केही गर्न सकिन्छ" भन्ने सकारात्मकसोच पनि विकास भएको छ ।

## चुनौतीहरू अझै बाँकी

यद्यपि स्वरोजगार कार्यक्रम प्रभावकारी भएपनि केही चुनौतीहरू अझै छन् । व्यवसायिकतालिमको अभाव, बजार पहुँच, आधुनिक प्रविधिको कमी तथा व्यवसाय विस्तारका लागि थप पुँजीको आवश्यकता धेरैले महशुस गरेका छन् ।

कतिपय अवस्थामा प्राकृतिक विपद्, आर्थिकमन्दी वा पर्यटनक्षेत्रमा आएको गिरावटले व्यवसायमा असर पर्ने गरेको छ ।

त्यसैले व्यवसायिक तालिम, बजार व्यवस्थापन, डिजिटल प्रवर्द्धन र उत्पादन–बिक्री सञ्जाल विस्तारमा थप सहयोग आवश्यक देखिन्छ ।

## अबको बाटो....

स्वरोजगार कार्यक्रमबाट लाभान्वित अधिकांश व्यक्तिहरू अब आफ्नो व्यवसाय विस्तार गर्ने योजनामा छन् । कसैले होटललाई होमस्टेमा रूपान्तरण गर्ने सोच बनाएका छन् भने कसैले पशुपालन विस्तार गर्ने तयारी गरिरहेका छन् ।

यदि राज्य, स्थानीयसरकार र वित्तीयसंस्थाहरूले यस्ता कार्यक्रमलाई निरन्तरता दिने हो भने ग्रामीणक्षेत्रमा ठूलो आर्थिक परिवर्तन सम्भव देखिन्छ ।

विशेषगरी युवालाई उद्यमशील बनाउने, महिलालाई आर्थिक रूपमा सक्षम बनाउने र वैदेशिक रोजगारीको विकल्प सिर्जना गर्नमा कोशेढुङ्गा सावित हुने देखिन्छ । यो दृष्टिले यो कार्यक्रम निकै प्रभावकारी देखिएको छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको लगानीले धेरै नेपालीको जीवनमा आशा, आत्मविश्वास र आर्थिक परिवर्तन ल्याएको छ । सानोलगानीले पनि सही योजना, मेहनत र सहकार्य भए ठूलो परिवर्तन सम्भव हुन्छ भन्ने उदाहरण अमलटारीका स्वरोजगार व्यवसायीहरूले प्रस्तुत गरेका छन् ।

आज उनीहरू केवल आफ्नै परिवारको जीवन सुधारिरहेका छैनन्, गाउँको अर्थतन्त्र चलायमान बनाउने, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने र अन्य युवालाई प्रेरित गर्ने काम पनि गरिरहेका छन् । यस कार्यक्रमले देखाएको छ, यदि युवालाई अवसर, पुँजी र उचित मार्गदर्शन उपलब्ध गराईयो भने उनीहरू विदेशिन बाध्य हुँदैनन्; आफ्नै गाउँमा बसेर पनि सम्मानजनक जीवन निर्माण गर्न सक्छन् ।